सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १०३ ♦ २०८० साल पुस १३ गते शुक्रवार ♦ 29 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com





सबैका लागि हामी संस्थाको आयोजनामा न्यानो अभियान -२ शुभारम्भ । पेज २ मा

# जन्मकैदको सजाय सुनाइएका पूर्वमन्त्री शर्मा फरार, निलम्बनबारे प्रदेशसभा मौन

**खबर दर्पण समाचारदाता**

**पुस १२ गते, महेन्द्रनगर**




हत्या मुद्दामा जन्मकैदको सजाय पाएका मधेस प्रदेशसभाका सदस्य अभिराम शर्माको विषयमा अन्योलता देखिएको छ।

फौजदारी मुद्दामा जन्मकैदको सजाय पाएका नेता शर्माको विषयमा मधेश प्रदेशसभाले अहिलेसम्म निलम्बन गर्ने तयारी समेत गरेको छैन। कुनै कानुनी प्रक्रिया अगाडि नबढाई प्रदेशसभा मौन बसेको हो ।

मधेस प्रदेशसभा कार्यसञ्चालन नियमावलीको नियम २१० को उपनियम ४ मा 'कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग पत्र दायर भई निज पुर्पक्षका लागि थुनामा परेको अवस्थामा त्यस्तो थुनामा रहेको अवधिभर, कुनै सदस्यलाई फौजदारी मुद्दामा अदालतको अन्तिम फैसलाले कैद सजाय हुने ठहर भएकोमा त्यस्तो कैदमा बस्नुपर्ने अवधिभर र कुनै सदस्यले फौजदारी मुद्दामा अदालतको फैसलाबमोजिम कैदको सजाय भुक्तान गरि रहेकामा सो अवधिभर त्यस्तो सदस्यलाई सभामुखले निलम्बन गर्नुपर्नेछ'।

मधेस आन्दोलनताका महोत्तरीमा कार्यरत सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा दोषी ठहर भई नेता शर्मालाई जिल्ला अदालत महोत्तरीले जन्मकैदको फैसला गरेको हो। गत मंसिर २८ गते नै विक हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले नेता शर्मासहित ७ जनालाई जन्मकैदको फैसला गरेको थियो ।

सजाय पाएका लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का मधेस प्रदेश संसदीय दलका नेता तथा पूर्व सामाजिक विकास राज्यमन्त्री शर्माको विषयमा मधेस प्रदेशसभा अहिलेसम्म मौन छ भने अदालतको फैसला आएदेखि नेता शर्मा फरार छन् ।

नेता शर्मालाई अदालतले दोषी ठहर गरेको आधिकारिक जानकारी हालसम्म प्रदेश सभालाई नआएकोले सो विषयमा कुनै कारबाही अगाडि नबढाएको मधेश प्रदेशसभाले जनाएको छ ।

प्रदेशसभा सचिवालयका प्रवक्ता अरुण झाले शर्मालाई अदालतले जन्मकैदको फैसला गरेको विभिन्न सञ्चारमाध्यमबाट जानकारी प्राप्त भए पनि अदालतले शर्मालाई जन्मकैदको सजाय भएको आधिकारिक जानकारी नगराएको बताए । 'शर्मालाई जन्मकैदको सजाय भए पनि उनले पुनरावेदन गर्न पाउँछन् । तर पुनरावेदन गर्न थुनामा बस्नुपर्ने कानुनी प्रवधान रहेकाले उनी थुना बसेपछि प्रदेशसभाले निलम्बन गर्न सक्छ,' प्रवक्ता झाले भने, शर्मालाई जन्मकैदको सजाय भएकाले प्रचलित कानुनबमोजिम उनी अयोग्य सदस्य ठहर हुन सक्नेछन्। फेरि अयोग्य सदस्य ठहर गर्ने अधिकार प्रदेशसभाको नरहेको उनले बताए ।

अदालतको फैसलासहित कुनै व्यक्तिले प्रदेशसभामा निवेदन दिएको खण्डमा प्रदेश सभामुखले शर्मालाई निलम्बन गर्नसक्ने प्रवक्ता झाले बताए ।

## चुरे उत्खनन गरेको आरोपमा क्रसर सञ्चालक पक्राउ

**खबर दर्पण समाचारदाता**

**पुस १२ गते, महेन्द्रनगर**

चुरे तथा वन क्षेत्रमा ढुंगा, गिटी, बालुवा उत्खनन गरेको आरोपमा डिभिजन वन कार्यालय लहानले केही बेरअघि एकजना क्रसर सञ्चालकलाई पक्राउ गरेको छ।

पक्राउ पर्ने कर्जन्हा नगरपालिका ७ स्थित कमला नदी किनारमा कम्लेश्वरी कमला क्रसरका सञ्चालक मोहम्मद खलिल राइनलाई पक्राउ गरिएको डिभिजन वन कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीले जानकारी दिए।

दुई दिनअघि वन कार्यालयले कमला नदी किनारबाट प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) नगरी खन्दै गरेको अवस्थामा एक्स्काभेटरसहित दुईजनालाई नियन्त्रणमा लिइएको हो।

'वन क्षेत्रमा पर्ने कमला नदी किनारबाट उत्खनन गरिरहेको अवस्थामा एक थान एक्स्काभेटर सहित चालक प्रदीपकुमार दर्लामी र स्थानीय ठेकेदार नीरज बस्नेतलाई नियन्त्रणमा लिइएको थियो। नियन्त्रणमा लिइएकाहरूलाई डिभिजन वन कार्यालयको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको चौधरीले बताए।

## महोत्तरीमा ४० हजार गाँजाको बोट प्रहरीले गरे नष्ट

**खबर दर्पण समाचारदाता**

**पुस १२ गते, महोत्तरी**



महोत्तरी प्रहरीले ४० कठाको अवैध गाँजा खेती नष्ट गरेको छ ।

एकडारा पालिका-५ बहेरामा दुई विघामा लगाइएको अवैध गाँजा खेती बिहीबार प्रहरीले नष्ट गरेको हो ।

दुई विघा जग्गामा लगाइएको अन्दाजी ४० हजार गाँजाको बोट फडानी गरी स्थानीय भर भलादमीको उपस्थितिमा नष्ट गरेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले गिरीले जानकारी दिए । गाँजा खेती कसकसले गरेको थियो भन्ने विषयमा अनुसन्धान गरिरहेको डिएसपी गिरीले बताए ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ञ्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- बिरामी भर्नाको लागि क्षमययच को व्यवस्था ।

# सबैका लागी हामी संस्थाको आयोजनामा न्यानो अभियान -२ शुभारम्भ




**खबर दर्पण समाचारदाता**

**पुस १२ गते, बर्दिवास**

सबैका लागी हामी संस्थाको आयोजनामा न्यानो अभियान -२ बालबालिका संग कार्यक्रम को शुभारम्भ भएको छ।

महोत्तरीको बर्दिबास नगर पालिकाको खैरमारा भ्याउरे भाङ्ग स्थित लक्ष्मीबास मा वि बाट अभियान को थालनी गरिएको हो ।

न्यानो अभियान अन्तर्गत आज बर्दिबास १० ,११ र ५ वडाका ५९ वालवालिकाहरूमा न्यानो कपडा डाउन ज्याकेट ,ट्राउजर तथा टोपि बितरण गरिएको हो ।

अभियान हाललाई बर्दिबास नगर का २२ स्कुल मा सन्चालन हुने र थप सहयोग जुटे अन्य बिद्यालयहरुमा पुग्ने लक्ष्य रहेको यस अभियानका संयोजक सन्जित लामाले जानकारी दिए ।

बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रहलाद कुमार क्षेत्रीले उक्त कार्यक्रमको उद्घाटन गर्दै यस संस्थाको कार्य सराहनिय रहेको बताए ।

सो अवसरमा बर्दिबास नगर पालिकाका उप प्रमुख तारा देबि महतो , बर्दिबास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरण निधि तिवारी , बर्दिबास वडा नम्बर १० का वडा अध्यक्ष प्रमोद मोक्तान ,बर्दिबास उधोग बाणिज्य संघका अध्यक्ष बिष्णु खड्का लगायतको उपस्थिती रहेको थियो ।

## ब्लड फर नेपाल......

हेको हुँदा विधालयलाई प्राथमिकतामा राखेर ती कलेजहरुमा अध्ययनरत विधार्थीहरुलाई यसबारे सचेत गराउन आवश्यक रहेको र उनीहरूबाट नै यो सचेतनालाई व्यापक रुपमा आमजनसमुदायमा पुर्याउने लक्ष्य रहेको बताए ।

ब्लड फर नेपाल रक्तदाता खोजेर बिरामीलाई रगत उपलव्ध गराउने काम गर्दै आएको नाफा नकमाउने गैर सरकारी संस्था हो। संस्थाले डाटा हेरेर कुन ठाउँका बिरामीलाई कुन समूहको रगत चाहिएको हो भन्ने निधो गरेर तुरुन्तै पुग्न सक्ने रक्तदातालाई फोन गर्छ र बिरामीका अफन्तसँग सम्पर्क गराइदिन्छ। यस कामका लागि संस्थामा स्वयंसेवकहरू गठन गरेर काम गरिहेका छन्।

ब्लड फर नेपालले मधेस प्रदेशका विभिन्न जिल्लाहरूमा गएर विधालय/कलेजका विधार्थीहरुसँग रक्तदान सचेतना कार्यक्रम गरिरहेको छ। धेरै किसिमका अभियान मध्ये सबैभन्दा महत्वपुर्ण अभियान र गत अभियान रहेको कुरा वल्ड फर नेपालका संस्थापक अध्यक्ष सरोज कुमार महतो बताउँछन्। सरोज भन्छन्, 'हामी डोनर (रक्तदाता) र बिरामीका बीचमा मेडिएटर (माध्यम) को काम गर्छौं। हामीले अहिलेसम्म रक्तदान गर्ने १० हजार व्यक्तिको नाम-ठेगानाको डाटा संकलन गरेका छौँ।' सरोजका अनुसार हाल चारवटा प्रदेशका विभिन्न ठाउँमा सय जना स्वयंसेवक छन्। उनीहरू धेरैजसो विद्यार्थी हुन्। 'हामी असल नागरिक बन्ने जमर्को गर्दै छौँ। बिरामीलाई रगत जुटाइँदिदाको खुसी बयान गरेर साध्य हुँदैन, बेग्लै आनन्द महसुस हुन्छ,' सरोज भन्छन्, 'हामी रगत जुटाइदिएर पैसा लिँदैनौँ। जीवनयापनका लागि आआफ्नै काममा छौँ।'

"घरपरिवार मा रक्तदान गर्ने विधि -प्रक्रियाको बारेमा थाहा नहुँदा रगत आवश्यक परेको बेला भौतारिने अवस्था आएको कुरा मोनाष्टिक कलेज कक्षा १२ कानुन संकायमा अध्यनरत छात्रा राधा नागवंसी बताउँछिन्। उनका अनुसार यस्ता रक्तदान सचेतना कार्यक्रमहरुले रक्तदानका विषयमा रहेका विभिन्न किसिमका अपवादहरु बारे सहि ढङ्गले बुझेको छु। रगत दान गरेपछि कमजोरी हुन्छ, दुब्लो पातलो भइहाल्छ भनेर सुनेको थिए तर त्यसतो नहुदो रहेछ । अब म पनि रक्तदान गर्छु । रक्तदान किन गर्नुपर्छ भन्ने कुरा आफ्नो घरपरिवारका सदस्यलाई पनि सिकाउँछु " ।


### सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**भंगहा नगरपालिका महोत्तरी**


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**वृष-** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन-** आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**सिंह** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -लामो समयपछि रसरङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**-अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मीन** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |


### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२, ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# धर्मेन्द्र विह्वल जो शहरको भिडमा पनि 'एक्ला' छन्

**खबर दर्पण समाचारदाता**

**पुस १२ गते, महेन्द्रनगर**




धर्मेन्द्र विह्वल । यो नामसँग परिचित नहुने व्यक्ति सायदै होलान् । त्यसमा पनि साहित्यानुरागीको भिडमा। हुन सक्छ साहित्यमा रुची नहुनेहरूलाई यो नाम नौलो लाग्न सक्छ। तर, उनको परिचय वरिष्ठ पत्रकार धर्मेन्द्र झाका रूपमा दिने हो भनेचाहिँ नचिन्नेको संख्या सायदै होला। पत्रकारिताको माध्यमबाट ३ दशकभन्दा बढी समयदेखि देशलाई निरन्तर सूसुचित गर्दै आएका उनै धर्मेन्द्र झाले त्यति नै समय भयो- धर्मेन्द्र विह्वलका नामबाट साहित्य लेखनमा सक्रिय भएको ।

नेपालीसँगै मैथिली साहित्यको पुनरुत्थानमा लागिपरेका विह्वलले साहित्य यात्राको अर्को खुड्किलो पार गरेका छन्। अर्थात् मैथिली साहित्यको दस्तावेजमा अर्को एउटा कृति थपेका छन्- 'शहरक भीडमे एसगर हम' अर्थात् 'शहरको भिडमा एक्लो म' ।

मैथिली कविताको छैठौँ शृंखलाका रूपमा प्रकाशित यो कृति यसकारण पनि विशेष छ कि यसमा एकै शीर्षकमा ५१ वटा कविता अटाएका छन् । शहर शीर्षक दिइएका ५१ वटा कविता २०४७ सालदेखि २०६६ सालको बीचमा विभिन्न मितिमा लेखिएका छन् ।

यस कृतिमा कवि विह्वलले कवितामार्फत शहर सपना र शहरको वास्तविकता खोतल्ने प्रयास गरेका छन् । अधिकांश कवितामा उनले आफैँ भोगेका अनुभव समेटिएको विह्वल बताउँछन् । 'मैले पत्रकार र साहित्यकार बन्ने हुटहुटीले शहर बसाइका बीचमा जे भोगेँ, जे देखेँ, त्यही नै कविताका रूपमा उतारेको हुँ,' विह्वलले भने, 'साहित्य कल्पनामात्रै होइन, यसमा कही न कहीँ वास्तविकताको अंश पनि हुन्छ, यसमा त्यही प्रयुक्त छ ।'

हालको मधेस प्रदेशमा जन्मे-हुर्केका विह्वलले करियरको सपना देख्दै देशका विभिन्न शहर चहार्दा देखेको शहरलाई यसरी उतारेका छन् कविता मार्फत-

**भोर-साँझमे कोनो भेद**
**नही**
**झुमि उठैए मदिरालय**
**भरल भीड अछि**
**एतह मलेछक**
**आऊ उठाबी एक प्याला**
**शहर खास ई मद्यपानक**
**मदिरा ताकए शब्द अनेक**
**सभकेओ आबए सभकेओ**
**भागए**
**केओ नहि अपन एकर**
**एक ।**

अर्थात्

**बिहान-साँझमा कुनै भेद**
**छैन**
**झुम्छन् हाम्रा मदिरालय**
**सर्वत्र भिड छ**
**यहाँ दुष्टको**
**आऊ उठाउँ एक प्याला**
**शहर ठाउँ यो मद्यपानको**
**मदिराले खोज्छ शब्द**
**अनेक**
**सबै आउँछन् सबै जान्छन्**
**कोही छैन यसको एक ।**

यस कृतिको भूमिकामा नेपाल संगीत तथा प्रज्ञा प्रतिष्ठान प्राज्ञ परिषद्का पूर्वसदस्य रमेश रञ्जनले लेखेका छन्, 'विह्वलका प्रकाशित सबै कृतिका आधारमा उनी कविता र साहित्य लेखनका सबै विधामा उत्तिकै माहिर छन् भन्ने प्रमाणित गर्छ । विह्वलका रचनामा शब्दमात्रै छैनन, त्यहाँ भावना, अनुभव र संवेदना पनि उत्तिकै सान्दर्भिक छन् ।'

रमेश रञ्जनले भनेजस्ते विह्वलले साहित्य लेखनमा नौलो प्रयोग पनि गर्दै आएका छन् । यसअघि मैथिली साहित्यको पहिलो तांका संग्रह प्रकाशन गरेका विह्वलले 'शहरक भीडमे एसगर हम' मा पनि नयाँ प्रयोग गरेका छन् । यस कृतिमा मैथिल चित्रकार एससी सुमनको हस्तलिखित चित्र राखिएको छ, त्यो पनि हरेक कवितामा अलग-अलग । आवरणमा पनि उनै सुमनको कला उतारिएको छ । यसमा प्रयोग भएका हरेक चित्र र स्केचमा कुनै सम्पादन नगरिएको विह्वल बताउँछन् ।

मिथिला नट्यकला परिषद्ले प्रकाशन गरेको यस कृतिको मूल्य ३२० रुपैयाँ राखिएको छ भने भारु २०० मूल्य तोकिएको छ। विह्वलले भने, 'लोप हुँदै गएको मैथिली साहित्यको जगेर्ना गर्नु र साहित्यकै माध्यमबाट समाजलाई एड्भोकेसी गर्नु मेरो मुख्य उद्देश्य हो ।'

निकट भविष्यमै मैथिली भाषामै अर्को कृति प्रकाशनको तयारीमा रहेको बताउने विह्वल बाँचुन्जेल पत्रकारिता र साहित्य लेखनमा सक्रिय रहने चाहना रहेको बताउँछन् । 'साहित्य लेखन र पत्रकारिता मेरो जीवनका अभिन्न अंग बनिसके। अब यसबाट विश्राम लिने कल्पना पनि छैन,' उनी भन्छन्, 'यी क्षेत्रमा काम गर्दा म बेग्लै आनन्दको अनुभूति गर्छु ।'


## महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसुति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

**लक्ष्मीनिया गाउँपालिका धनुषा**

## सुशासन किन?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**पीपरा गाउँपालिका महोत्तरी**

## महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसुति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

**सोनमा गाउँपालिका महोत्तरी**

## सुशासन किन?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**सम्सी गाउँपालिका महोत्तरी**

# ब्लड फर नेपालद्वारा विद्यालयमा रक्तदान सचेतना



**दिवेश कुमार महतो**

**पुस १२ गते, महेन्द्रनगर**

जनकपुरधामका कलेजहरुमा ब्लड फर नेपाल धनुषा टिम द्वारा रक्तदान सचेतना कार्यक्रम गरेका छन्।

बिहिबार जनकपुरधामको भानुचौकस्थित रहेको मोनाष्टिक स्कुल/कलेजमा कक्षा ११ र १२ का विधार्थीहरुलाई राखेर उनीहरुलाई रगत बारे प्राविधिक र व्यवहारिक कुराहरु सलाइड मार्फत सचेतना गराएको छ। "आऊँ रगत का कुरा गरौ, आऊ रगत का कुरा बुझौ" भन्ने नारा लिएर धनुषाको विभिन्न ठाउँमा रक्तदान सचेतना कार्यक्रम आयोजना गर्दै आएको छ । उनीहरूले बुधबार श्री यज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय (ज्ञानकुप) मा रक्तदान सचेतना कार्यक्रम गरेका थिए।

सचेतना कार्यक्रममा ब्लड फॉर नेपालका धनुषा जिल्ला सदस्य बिकाश साह,अमित यादव, सोनाली साह र कार्तिकेश झाले बल्ड फर नेपालको कामकार बाही,रगतको आवश्यकता, महत्व, रक्तदानको विशेषता, रगतको विधमान अवस्था लगायतका विषयमा केन्द्रित र हेर उनीहरूले सलाइड मार्फत् प्रस्तुतिकरण गरेका थिए भने दिवेश कुमार महतोले सहजिकरण थिए।

ब्लड फ़ार नेपालले बिग्त ५ बर्ष देखी धनुषा लगायत देशका अन्य विभिन्न ठाउँहरु मा बिरामी लाई रगत आवश्यक परेको बेला रगत जुटाऊन र र गत सम्बन्धी सचेतना क्रयाक्रम गर्दै आइरहेको ब्लड फर नेपाल धनुषा टिमका संयोजक भवानी प्रसाद साहले बताए । उनका अनुसार " शिक्षा हाँसिल गर्ने मुख्य थलो विधालय/कलेज र

*बाँकी पृष्ठ २ मा*

# पूजा महतोको अर्धशतकसँगै मधेशले लुम्बिनी प्रदेशलाई हरायो

**खबर दर्पण समाचारदाता**

**पुस १२ गते, बिरगंज**

प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको बिहीबार खेलिएको खेलमा मधेश प्रदेशले लुम्बिनी प्रदेशलाई आठ विकेटले पराजित गरेको छ ।

प्रतियोगितामा ६ खेल खेलेको मधेश प्रदेशको दोस्रो जित हो ।चार खेलमा भने मधेश प्रदेश पराजित भएको छ । ६ खेल खेलेको लुम्बिनी प्रदेशले पनि दुई खेलमा जित र चार खेलमा हार ब्यहोरेको छ ।

काठमाडौँको मुलपानी क्रिकेट मैदानमा टस जिती पहिले ब्याटिङ रोजेको लुम्बिनीले निर्धारित ओभरमा सात विकेट गुमाएर ९६ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको मधेश प्रदेशले भने १८.५ ओभरमै केवल दुई विकेट गुमाएर विजयलक्ष्य पुरा गरेको थियो ।मधेश प्रदेशको जितमा ओपनर पूजा महतोले अविजित ६० रनको योगदान गरिन् ।




उनले ५९ बलमा पाँच चौका पनि प्रहार गरिन् । अनुराधा चौधरीले १७ रन जोडिन् । सरस्वती कुमारीले अविजित १२ रन बनाइन् । लुम्बिनीका बलर कमला जीएम र सुस्मिता भुषालले एक-एक विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीका लागि ओपनर लक्ष्मी चौधरीले अविजिति ६४ रन बनाएकी थिइन् । तर, टोलीको जितका लागि त्यो पर्याप्त हुन सकेन ।

उनले ६४ बलमा दुई छक्का र आठ चौका प्रहार गरिन् । कप्तान सरस्वती जीएमले १० रन जोडिन् । मधेश प्रदेशका बलर साक्षी यादवले दुई तथा पूजा महतो, आरती महतो र कविता गौतमले एक-एक विकेट लिए । पूजा महतो प्लेयर अफ दी म्याच घोषित भइन् ।

**R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ**

**शो शुरु हुने समय र फिल्म**

**१२-३, ३-६ र ७-१० बजे**




**जाडोको समयमा चिसोबाट बचौं**


- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**बर्दिवास नगरपालिका, महोत्तरी**

**ए.एस.डी. अफसेट प्रेस**

**क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा**

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

**संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा